बागमती प्रदेश सरकार

# उद्योग वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः ०८२/८३
चलानी नम्बरः १७१

(सुचना प्रकासन मितिः २०८२/०६/२४)

**नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रममा सहभागिता सम्बन्धी सूचना**

यस मन्त्रालयको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रम कार्यान्वयन प्रयोजनार्थ सम्वन्धित उद्यमीहरुले जिल्ला स्थित उद्योग तथा वाणिज्य कार्यालयहरुमा "नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड, २०८१" को अनुसूची -२ वमोजिमको निवेदनको ढाँचामा दश दिन भित्र प्रस्ताव पेश गर्नहुन सम्वन्धित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, यस विषयमा थप जानकारीका लागि यस मन्त्रालयको वेबसाईट moicla.bagamati.gov.np अथवा जिल्लास्थित उद्योग तथा वाणिज्य कार्यालयहरुमा सम्पर्क राख्नहुन अनुरोध छ ।

२०८२/०६/२३

(टेकेन्द्र बहादुर थापा मगर)
अधिकृत सातौं
अधिकृत सातौं

फोन नं.: ०५७-५९०२६४, ०५७-५९०२६६, ईमेलः moiclrbagamati@gmail.com

Scanned with CamScanner

## नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड, २०८१

<u>प्रस्तावना:</u> नवप्रवर्तनको विकास एवं विस्तार गर्दै नवीनतम सोंच र सिर्जनशीलता प्रवर्द्धन गर्न प्रदेशको स्रोत, साधन, श्रृजना र सीपको उच्चतम प्रयोग गरी उद्यम गरिरहेका उद्यमीहरूको मनोबल तथा उत्साह बढाउन उत्कृष्ट उद्यमीको छनौट गरी सम्मान प्रदान गर्ने कार्यलाई व्यवस्थित एवं प्रभावकारी बनाउन बान्छनीय भएकोले,

बागमती प्रदेश सरकार उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले यो मापदण्ड बनाई लागू गरेको छ।

१) <u>संक्षिप्त नाम र प्रारम्भ :</u> (१) यो मापदण्डको नाम "नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२) परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

क) "उद्यमी" भन्नाले विभिन्न स्रोत, साधन, सीप श्रृजनाको प्रयोग गरी प्रचलित कानून बमोजिम दर्ता भई उद्योग संचालन गरिरहेका व्यक्तिलाई सम्झनु पर्दछ।

ख) "छनौट तथा सिफारिस समिति" भन्नाले दफा १० बमोजिम गठित "उत्कृष्ट/सर्वोत्कृष्ट उद्यमी सिफारिस तथा छनौट समिति" सम्झनु पर्छ ।

ग) "नवप्रवर्तन" भन्नाले नविनतम प्रविधि, सोच र सिर्जनशिलता तथा प्रदेशको स्रोत, साधन, श्रृजना र सीपको प्रयोग गरी उद्यम गर्नुलाई सम्झनु पर्छ ।

घ) "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताको लागि शारीरिक वा बौद्धिक कार्य गर्ने वा कर्मचारी कामदार वा जुनसुकै पदनाम दिई काममा लगाईएको व्यक्ति सम्झनु पर्छ ।

ङ) "जिल्ला स्तरीय छनौट तथा सिफारिस समिति" भन्नाले दफा ९ बमोजिमको सिफारिस तथा छनौट समिति सम्झनु पर्छ ।

च) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

छ) "मन्त्रालय" भन्नाले प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

<u>३) उद्देश्य</u>

यस मापदण्डको उद्देश्य देहाय बमोजिम रहेको छ -:

क) उद्यमशीलताको माध्यमबाट आर्थिक सशक्तीकरणमा योगदान पुर्याएका उद्यमीलाई प्रोत्साहन गर्ने,

Scanned with CamScanner

ख) नयाँ सोच, प्रविधि तथा सिपको प्रयोग गरी स्वदेशी उत्पादनमा जोड दिँदै नवप्रवर्तनलाई प्रोत्साहन गर्ने,

ग) माध्यमबाट उद्यमशीलताको विकास गर्न प्रोत्साहन गर्ने स्वदेशमै श्रम तथा स्वरोजगारको,

घ) उद्यमीहरुलाई आफ्नो कार्यक्षेत्रमा सफल बन्न अभिप्रेरित गर्ने,

ङ) योग्य र उर्जावान जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्ने,

च) स्थानीय स्रोत र साधनको उच्चतम् प्रयोग गरी गुणस्तरीय उत्पादनमा जोड दिने,

छ) नवप्रवर्तनको माध्यमबाट उत्पादित वस्तुहरूको निर्यात एवं बजारिकरणमा सहयोग गर्ने, र

ज) उद्यमी तथा श्रमिकको योगदान प्रति आत्म गौरवको अनुभूति दिलाउने ।

**४) सम्मानित हुनेको संख्या:**

बागमती प्रदेशका प्रत्यक जिल्लाबाट यस मापदण्ड बमोजिम उच्चतम अंक प्राप्त गर्ने एक/एक उत्कृष्ट उद्यमी र समष्टिगत रुपमा बागमति प्रदेशबाट सवैभन्दा बढी अंक प्राप्त गर्न सफल एक सर्वोत्कृष्ट उद्यमी गरी कुल १४ जना उद्यमीलाई सम्मान गरिनेछ ।

**५) छनौट तथा मूल्यांकनका आधारहरु:**

उत्कृष्ट तथा सर्वोत्कृष्ट उद्यमी छनौट सम्बन्धी मूल्याकंनका आधारहरु अनुसूची-१ बमोजिम हुनेछन्।

**६) पुरस्कार तथा सम्मान प्राप्त गर्ने योग्यता:**

उद्यमीले देहायबमोजिमको योग्यता पुरा गरेको हुनुपर्नेछ

क) प्रदेशमा स्थायी बसोबास भई प्रदेशभित्रै उद्यम गरिरहेको नेपाली नागरिक,

ख) उद्यमी स्वयम् आफै संचालक भई व्यवसाय दर्ता तथा नविकरण गरी कम्तिमा दुई वर्षदेखि निरन्तर संचालन गरिहेको,

ग) नियमित रुपमा सरकारलाई तिर्नु पर्ने कर बुझाएको,

घ) पछिल्लो २ (दुई) वर्षसम्म सरकारी निकायबाट सम्मान प्राप्त नगरेको, र

ङ) स्थानीय उद्यम, उत्पादन, र सीपको उपयोग गरी नवप्रवर्तनलाई सफल बनाएको।

**७) पेश गर्नुपर्ने कागजातहरु:**

दफा ८ बमोजिम मन्त्रालयबाट प्रकाशित सूचना अनुसार छनौटमा सहभागी हुन उद्यमीले देहाय बमोजिमका कागजातहरु सहितको प्रस्ताव पेश गर्नु पर्नेछः-

क) अनुसूची २ बमोजिमको प्रस्ताव,

ख) नागरिकताको प्रतिलिपि,

ग) दुई प्रति पासपोर्ट साइजको फोटो,

घ) उद्योग दर्ता / नविकरणको प्रतिलिपि,

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य ... मन्त्रालय

Scanned with CamScanner

ङ) PAN/VAT दर्ताको प्रतिलिपि,
च) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
छ) सम्बन्धित स्थानीय तहको सिफारिश पत्र, र
ज) पछिल्लो २ (दुई) वर्षसम्म सरकारी निकायबाट सम्मान प्राप्त नगरेको भनी गरेको स्वघोषणा,
झ) विशेष प्राथमिकता समूह खुल्ने निस्सा।

**८) सूचना प्रकाशन, प्रस्ताव पेश तथा सिफारिस सम्बन्धी प्रकृया**

सूचना प्रकाशन, प्रस्ताव पेश गर्ने स्थान र सिफारिसको प्रकृया देहाय बमोजिम हुनेछ-ः

क) मन्त्रालयले कम्तिमा दस दिनको सार्वजनिक सूचना प्रकाशन गरी अनुसूची २ बमोजिमको ढाँचामा इच्छुक उद्यमीबाट प्रस्ताव माग गर्नेछ । पहिलो पटकको सूचना बमोजिम कुनै जिल्लामा प्रस्ताव आवेदन नपरेको खण्डमा सम्बन्धित जिल्लाको हकमा ७ दिनको समयसीमा थप गरी दोस्रो पटक पुनः सूचना प्रकाशन गर्नुपर्नेछ ।

ख) खण्ड (क) बमोजिमको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिका तथा मन्त्रालयको वेभसाईटमा प्रकाशन गरिनेछ । साथै जिल्ला स्थित उद्योग तथा वाणिज्य कार्यालय, जिल्ला प्रशासन कार्यालय र जिल्ला समन्वय समितिको कार्यालयमा समेत सूचना टाँसको लागि पठाइनेछ ।

ग) यस कार्यक्रममा सहभागी हुन इच्छुक उद्यमीहरुले दफा ७ बमोजिमका कागजातहरु संलग्न राखी सम्बन्धित जिल्ला स्थित उद्योग तथा वाणिज्य कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

घ) सम्वन्धित कार्यालयले पेश भएका प्रस्ताव मध्येबाट म्याद समाप्त भएको सात दिनभित्र दफा ९ बमोजिमको जिल्ला स्तरीय छनौट तथा सिफारिस समितिले अनुसूची १ बमोजिम मूल्याङ्कन गरी सिफारिस गरेको आधारमा उत्कृष्ट ३ (तीन) उद्यमी छनौट गरी आवश्यक कागजात सहित मन्त्रालयमा पठाउनु पर्नेछ । यसरी कागजात पठाउँदा समितिको निर्णय प्रतिलिपि अनिवार्य राख्नुपर्नेछ।

ङ) मन्त्रालयको सम्बन्धित शाखाले कार्यालयहरुबाट प्राप्त उत्कृष्ट उद्यमी सम्बन्धी प्रस्तावहरु दफा १० बमोजिमको मन्त्रालय स्तरीय छनौट समिति समक्ष पेश गर्नेछ ।

च) छनौट समितिले खण्ड (ङ) बमोजिम पेश भएका प्रस्ताव र संलग्न कागजातका आधारमा अनुसूची- १ बमोजिम मूल्यांकन गरी बागमती प्रदेश भित्रका प्रत्येक जिल्लाबाट उच्चतम अंक प्राप्त गर्ने एक/एक उत्कृष्ट उद्यमी र प्रदेश भरबाट बढि अंक प्राप्त गर्ने एक सर्वोत्कृष्ट उद्यमीलाई पुरस्कार तथा सम्मानका लागि मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ ।

छ) छनौट समितिले आवश्यकतानुसार आफैंले वा सम्बन्धित जिल्लास्थित कार्यालयबाट सम्बन्धित उद्यमको स्थलगत अनुगमन तथा निरीक्षण समेत गर्न गराउन सक्नेछ ।

**९. जिल्ला स्तरीय छनौट तथा सिफारिस समितिः**

(१) दफा ८ को खण्ड (क) बमोजिमको सूचना बमोजिम जिल्ला स्थित उद्योग तथा वाणिज्य कार्यालयमा पेश हुन आएका प्रस्तावको अनुसूची १ का आधारमा मूल्यांकन गरी उत्कृष्ट ३ (तीन)

Scanned with CamScanner

उद्यमीको नाम मन्त्रालयमा सिफारिस गर्न सम्बन्धित कार्यालयमा देहाय बमोजिमको जिल्ला स्तरीय छनौट तथा सिफारिस समिति रहनेछः -

(क) सम्बन्धित कार्यालयको कार्यालय प्रमुख - संयोजक

(ख) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधी एकजना -सदस्य

(ग) उद्योग प्रशासन हेर्ने शाखाको कर्मचारी एक जना- सदस्य सचिव

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार दफा ८ को खण्ड (घ) बमोजिम हुनेछ ।

**१०. मन्त्रालय स्तरीय छनौट तथा सिफारिस समितिः**

(१) कार्यालयबाट सिफारिस भई आएका प्रस्तावको मूल्यांकन मार्फत उत्कृष्ट उद्यमी छनौट गरी मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक छनौट तथा सिफारिस समिति रहनेछ :-

(क) महाशाखा प्रमुख, उद्योग तथा वाणिज्य महाशाखा, मन्त्रालय- संयोजक

(ख) महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा, मन्त्रालय- सदस्य

(ग) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) अधिकृत प्रतिनिधि, श्रम, रोजगार तथा यातायात मन्त्रालय- सदस्य

(ङ) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय- सदस्य

(च) शाखा प्रमुख, उद्योग शाखा, मन्त्रालय - सदस्य सचिव

(२) समितिको बैठक संयोजकको निर्देशानुसार सदस्य-सचिवले बोलाउनेछ ।

(३) समितिको बैठकमा बढीमा तीन जनासम्म विज्ञ तथा कर्मचारीहरु आमन्त्रित गर्न सकिनेछ ।

(४) समितिले यस मापदण्डमा उल्लेख भए बाहेकका छनौटका अन्य आधारहरु आवश्यक परेमा आफैं बनाउन सक्नेछ ।

**११. सम्मानको राशीः**

सम्मानको राशी सर्वोत्कृष्ट उद्यमीको हकमा रू १ लाख (कर सहित) र उत्कृष्ट उद्यमीको हकमा रू ४० हजार (कर सहित) हुनेछ र सम्मान पत्र प्रदान गरिनेछ ।

**१२. सहयोग गर्नुपर्नेः** यस मापदण्ड बमोजिम गरिने कार्यमा आवश्यक सहयोग गर्नु सम्बन्धित सरोकारवालाको कर्तव्य हुनेछ ।

**१३.बाधा अडकाउ फुकाउनेः** यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा आईपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१४. प्रचलित कानून बमोजिम हुनेः** यस मापदण्डमा लेखिएका कुराहरुमा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

Scanned with CamScanner

अनुसूची १
(दफा ५ सँग सम्बन्धित)
मुल्यांकनका आधार

| सि.नं. | छनौटको आधार | अधिकतम अंक | न्यूनतम अंक | प्रासांक |
|---|---|---|---|---|
| १. | विगत दुई वर्षदेखि कति श्रमिकलाई पूर्ण रोजगारी दिएको छ ? (संख्याको आधारमा अंक दिने) | १५ | ७ | – ५ वा ५ जना भन्दा बढीलाई रोजगारी दिएको भए: १५ अंक<br>– ३ देखि ४ जनालाई रोजगारी दिएको भएमा: १० अंक<br>– १ देखि २ जनालाई रोजगारी दिएको :७ |
| २. | स्थानीय स्रोत र साधन प्रयोग गरी उद्यम सञ्चालन गरेको (उद्यमीले पेश गरेको कच्चा पदार्थ खरिद गरेको बिलको प्रतिलिपीको आधारमा) | १५ | ८ | – स्थानीय स्रोत साधन र कच्चा पदार्थको मात्र प्रयोग गरी संचालन भएको भए: १५ अंक<br>– स्थानीय र बाह्य दुवै स्रोत साधन र कच्चा पदार्थको प्रयोग गरी संचालन भएको भए: १२ अंक<br>– बाह्य स्रोत साधन र कच्चा पदार्थको मात्र प्रयोग गरी संचालन भएको भए: ८ अंक |
| ३. | श्रम तथा वातावरणमैत्री उद्यम (उद्यमीले प्रस्तावसाथ पेश गरेको तस्विरको आधारमा) | ५ | ० | – श्रम तथा वातावरण मैत्री (<br>I. खुला स्थान तथा सरसफाईको स्तर,<br>II. बगैंचा तथा बोटविरुवा,<br>III. विश्रामस्थल,<br>IV. लैङ्गिक मैत्री वातावरण तथा स्तनपान कक्ष र<br>V. अपाङ्गमैत्री पूर्वाधार) भएमा प्रत्येकलाई १/१ अंकको दरले अधिकतम ५ अंक प्रदान गर्ने। |
| ४. | विशेष प्राथमिकता समूह | १० | ६ | – लोपोन्मुख तथा अति सीमान्कृत समुदायका उद्यमीको हकमा १० अंक<br>– दलित, आदिवासी, जनजाती, अपांगता र सीमान्तकृत समुदायका महिला उद्यमीको हकमा ८ अङ्क<br>– दलित, आदिवासी जनजाती, अपांगता र |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | सीमान्तकृत समुदायका पुरुष उद्यमीको हकमा ७ अङ्क<br>– अन्य उद्यमीको हकमा ६ अङ्क |
| ५. | वैदेशिक रोजगारबाट फर्की उद्यम संचालन गरेका | ५ | ० | – वैदेशिक रोजगारबाट फर्की उद्यम संचालन गरेका भए ५ अंक र अन्य भए ० अंक |
| ६. | उत्पादित वस्तु ब्रान्डिङ्ग तथा बजारीकरण | १० | ५ | उत्पादित वस्तु तथा सेवा विदेश निर्यात गर्नेलाई १० अंक, वा<br>खाद्य पदार्थ उत्पादन गर्नेको हकमा DFTQC नम्बर उल्लेख भएकोमा १० अंक, वा<br>उत्पादित वस्तु तथा सेवा प्रचलित गुणस्तर सम्बन्धी मानकमा स्थापित भएकोमा १० अंक र<br>अन्यलाई ५ अंक |
| ७. | आयकर दाखिला | १० | ५ | – १० लाख भन्दा बढि आयकर दाखिला गर्नेलाई १० अंक<br>– ८ देखि १० लाख आयकर दाखिला गर्नेलाई ८ अंक<br>– अन्यलाई ५ अंक |
| ८. | नवप्रवर्तन | ३० | २० | – आफैले प्रविधि डिजाईन गरि संचालन भएको उद्योग – ३० अंक (उद्यमीले प्रचलित कानून बमोजिम ट्रेडमार्क, पेटेन्ट, डिजाईन दर्ता गरी प्रस्तावसाथ संलग्न गरेमा)<br>– नेपालमै उत्पादन भई प्रयोगमा आएको प्रविधि प्रयोग गरी संचालित उद्योग – २५ अंक (उद्यमीले प्रचलित कानून बमोजिम ट्रेडमार्क, पेटेन्ट, डिजाईन दर्ता गर्न सम्वन्धित निकायमा निवेदन पेश गरेको प्रमाण प्रस्तावसाथ संलग्न गरेमा वा नवप्रवर्तन सम्वन्धी अनुसन्धान कार्य गरेको)<br>– अन्यको हकमा – २० अंक |
| | जम्मा अंक | १०० | ५१ | |

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

Scanned with CamScanner

अनुसूची २

दफा ८ को खण्ड (क) सँग सम्बन्धित (

पेश गर्नुपर्ने विवरणको ढांचा)

१. उद्यमीको नामः

२. उद्योगको नामः

३. उद्योगको उद्धेश्यः

४. उद्योग प्रकृतिः

५. ठेगानाः

६. स्थापना र नविकरण मितिः

७. सम्पर्क फोन, मोबाईल, फ्याक्स, इमेलः

८. विगत दुई वर्षदेखि हालसम्म रोजगारी दिइएको श्रमिकको संख्या र नामावली (श्रमिकको हाजिरी, नियुक्ति पत्र वा अन्य कुनै निस्सा भए पेश गर्ने) :

९. के, कुन स्थानीय र बाह्य कच्चा पदार्थ तथा स्रोत साधन प्रयोग गरी उद्यम गरिरहेको (स्थानीय र बाह्य स्रोत बुँदागत रुपमा खुलाउने) :

१०. वातावरणमैत्री उद्यम भए/नभएको (खुला स्थान, बगैचा, बोटविरुवा, विश्रामस्थल, लैङ्गिकमैत्री शौचालय र सरसफाई के कस्तो छ लेख्ने) :

११.वैदेशिक रोजगारबाट फर्की उद्यम सञ्चालन गरेको वा नगरेको (यदि गरेको भए कार्य अवधि र देशको नाम खुलाउने साथै भिसा र पासपोर्टको प्रतिलिपि संलग्न गर्ने) :

१२. विशेष प्राथमिकता समूह भए खुलाउने (सो प्रमाणित हुने कागजात पेश गर्ने) :

१३. उत्पादित वस्तु, सामाग्री तथा निर्माण गरिएका वस्तुहरुको व्यवस्थापन, ब्रान्डिङ्ग र प्याकेजिङ्ग कस्तो रहेको खुलाउनेः

१४. उद्योगको नवप्रवर्तन स्तर कस्तो रहेको खुलाउनेः

१५. उत्पादित वस्तुहरु निर्यात भए नभएको (निर्यात प्रमाणित हुने कागजात पेश गर्ने):

१६. उद्योगले पारेको सामाजिक/आर्थिक प्रभावः

(क).

(ख).

१७. अन्य कुरा केही भए खुलाउनेः

स्वघोषणाः मेरो/हाम्रो उद्योगले पछिल्लो २ (दुई) वर्षसम्म कुनै पनि सरकारी निकायबाट सम्मान/पुरस्कार प्राप्त नगरेको तथा माथी पेश गरिएका विवरणहरु सहि– साँचो हो भनि स्वघोषणा गर्दछु ।

(विवरण पेश गर्ने उद्यमीको दस्तखत)

..................................

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

Scanned with CamScanner